# अरुण गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः ६ संख्याः ५ मितिः २०८०/१०/१७

भाग-२

अरुण गाउँपालिका

# अरुण गाउँपालिका, भोजपुरको एम्बुलेन्स सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०८०

(गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत मितिः २०८०/१०/१५)

आज्ञाले

मणिराम खतिवडा

प्रमुख प्रशासकीय अधिकृत

# अरुण गाउँपालिका, भोजपुरको एम्बुलेन्स सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०८०

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

## अरुण गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

प्याउली, भोजपुर

कोशी प्रदेश, नेपाल

# अरुण गाउँपालिका, भोजपुरको एम्बुलेन्स सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावनाः**

अरुण गाउँपालिकाभित्र, खासगरी स्वास्थ्य सेवाका पहुँचबाट टाढा रहेका बासिन्दालाई स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच पुऱ्याउनका लागि एम्बुलेन्स सेवा सञ्चालनलाई पारदर्शी, सरल, भरपर्दो र पहुँच बढाई स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्न वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरी अरुण गाउँपालिकाले देहायको कार्यविधि जारी गरेको छ ।

## परिच्छेद-१
## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः** (क) यो कार्यविधि नाम **"एम्बुलेन्स सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०८०** रहने छ।

(ख) यो कार्यविधि गाउँपालिकाले स्वीकृत गरेको मितिबाट लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रशंगले अर्को अर्थ लागेमा यस कार्यविधिमाः

(क) "एम्बुलेन्स" भन्नाले बिरामी ओसार्ने स्वीकृत प्राप्त गरेको वाहन सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँछ ।

(ख) "एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ ।

(ग) "चालक" भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ ।

(घ) "गाउँपालिका" भन्नाले अरुण गाउँपालिकालाई सम्झनु पर्छ ।

(ङ) "सेवा शुल्क" भन्नाले एम्बुलेन्स प्रयोग गरेवापत सेवाग्राहीले बुझाउनु पर्ने गरी समितिले तोकेको शुल्क सम्झनु पर्छ ।

(च) "सेवा" भन्नाले एम्बुलेन्सले विरामीलाई दिने सम्पूर्ण सेवा सम्झनु पर्छ ।

३. **एम्बुलेन्स सेवा संरक्षक तथा अनुगमन समितिः-** एम्बुलेन्स सञ्चालन, व्यवस्थापन, अनुगमन, रेखदेख तथा संरक्षण गर्न देहायका पदाधिकारीहरु रहेका एक गाउँ एम्बुलेन्स व्यवस्थापन तथा अनुगमन समिति रहनेछ।

(क) गाउँपालिका अध्यक्ष - संरक्षक/संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) सामाजिक विकास समिति संयोजक - सदस्य

(ङ) स्वास्थ्य शाखा प्रमुख - सदस्य-सचिव

४. **एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समितिः** (१) गाउँपालिकाले खरिद गरी आफैंले सञ्चालन गर्ने हकमा देहायको एक एम्बुलेन्स संचालन तथा व्यवस्थापन समिति रहनेछ ।

क. स्वास्थ्य शाखा प्रमुख - संयोजक

ख. जिन्सी शाखा प्रमुख/प्रतिनिधि - सदस्य

ग. आर्थिक प्रशासन शाखा प्रमुख/प्रतिनिधि - सदस्य

घ. सामाजिक विकास शाखा प्रमुख/प्रतिनिधि - सदस्य

ङ. सम्बन्धित वडामा रहेको स्वास्थ्य संस्था प्रमुख/प्रतिनिधि - सदस्य-सचिव

२. गाउँपालिका आफैं खरिद गरी वा गाउँपालिकाको अनुदानमा खरिद भएको एम्बुलेन्स उपदफा (१) बमोजिम गाउँपालिका आफैंले सञ्चालन नगरी कुनै संघसंस्थालाई हस्तान्तरण गरेमा सोको सञ्चालन सोही संस्थाको व्यवस्थापन/कार्य समितिले सञ्चालन तथा व्यवस्थापन समितिको कार्य गर्नेछ ।

३. उपदफा (२) बमोजिम कुनै संघसंस्थालाई हस्तान्तरण भएमा सो संस्थासंग गाउँपालिकाले आवश्यक संझौता गरी हस्तान्तरण गर्नेछ ।

४. उपदफा (१) वा (२) बमोजिमको सञ्चालन तथा व्यवस्थापन समितिका कुल सदस्य संख्यामध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

५. समितिका बैठक आवश्यकता अनुसार बस्नेछ । समितिका बैठक भत्ता गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

६. समितिका बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

५. **समितिका काम कर्तव्य र अधिकारः-** (१) समितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने ।

(ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागु गराउने । यस निर्देशिका अनुसारका आचारसंहिता पालना नगर्ने चालकलाई चेतावनी दिई आचारसंहिता पालना गर्न लगाउने । बारम्बार आचरण उलंघन गरेमा आवश्यकता अनुसारको करार सम्झौता रद्द गर्ने ।

(ग) एम्बुलेन्स सेवाका वारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने ।

(घ) जिल्लास्तरमा एम्बुलेन्स सम्बन्धी दररेट निर्धारण गर्ने निकायको सिफारिस बमोजिम आवश्यकता अनुसार परिमार्जन गर्ने ।

(ङ) सरोकारवाला तथा अन्य संघहरु बिच आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारेमा समीक्षा बैठक गर्ने ।

(च) गाउँपालिकाका विशिष्टतालाई ध्यानमा राखी एम्बुलेन्स सेवा सञ्चालनका लागि आवश्यक थप मापदण्ड बनाउने ।

(छ) चालकले अनुसुची-१ बमोजिम सेवा शुल्क लिई स्वास्थ्य शाखाले तोकिएको कर्मचारीलाई प्रति टिप पछि हिसाब बझाउनु पर्ने छ ।

२. समितिका सदस्य सचिवले सेवा प्रवाह स्थितिका अद्यावधिक विवरण प्रत्येक बर्षका जेष्ठ मसान्तमा गाउँकार्यपालिकामा पेश गर्नु पर्नेछ ।

३. अरुण गाउँपालिका अन्तर्गत बसोबास गर्ने सेवाग्राही, गाउँकार्यपालिकामा कार्यरत कर्मचारीहरुलाई विशेष छुट दिने/नदिने निर्णय गर्नेछ ।

## ६. सेवा शुल्क सम्बन्धी व्यवस्थाः

१. एम्बुलेन्स सेवा प्रयोग गरेवापत सम्बन्धित सेवाग्राहीले अनुसुची-२ मा उल्लेख भए अनुसारको रकम सेवा शुल्कका रुपमा स्वास्थ्य शाखाले तोकिएको कर्मचारीलाई बुझाउनु पर्नेछ ।

२. एम्बुलेन्स सेवा वापत उठेका रकम दफा ३ को उपदफा (१)बमोजिम सञ्चालन हुने भएमा गाउँपालिकाले र उपदफा (२) बमोजिम सञ्चालन हुने भएमा जुन संस्थालाई हस्तान्तरण गरिएको हो सोही संस्थाले एक अलग बैंक खाता/कोष खडा गरी त्यसमा जम्मा गर्नेछ ।

३. सेवा दिएबापत लिइने सेवा शुल्क नगदी रसिद काटी जम्मा गर्ने जिम्मेवारी सम्बन्धित स्वास्थ्य शाखाको हुनेछ ।

४. सो कोषको सञ्चालन, सञ्चालन तथा व्यवस्थापन समितिको निर्णयानुसार हुनेछ । कोषको रकम सामान्यतया चालकको तलब भत्ता, इन्धन,

एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आवश्यक सामग्री लगायतको खरिदमा खर्च गरिनेछ ।

७. **चालकको नियुक्ति र सेवा सुविधा :**

१. एम्बुलेन्स सेवा सञ्चालनका लागि गाउँकार्यपालिकाले एक जना योग्य चालक सेवा करारमा नियुक्ति गर्नेछ ।

२. चालकको पारिश्रमिक सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

३. चालकको रु. ५ लाखसम्मको दुर्घटना बिमा गरिनेछ । बिमाका प्रिमियम वापतको रकम यसै कार्यविधि बमोजिमको कोषबाट व्यहोरिनेछ ।

४. चालकले पालना गर्नुपर्ने आचारसंहिता अनुसूची-२ बमोजिम हुनेछ ।

५. चालकलाई सञ्चालक समितिको निर्णयले थप अन्य सुविधा उपलब्ध गराउन सक्नेछ ।

८. **एम्बुलेन्स रहने स्थान र सोको मर्मत सम्भारः**

१. दफा ४ को उपदफा १ बमोजिम सञ्चालन हुने एम्बुलेन्सको हकमा अरुण गाउँपालिका वडा नं. ३ मा रहेको आधारभूत अस्पताल/प्राथमिक स्वास्थ्य केन्द्र प्याउली, भोजपुरमा र दफा ४ को उपदफा (२) बमोजिमको सञ्चालन हुने एम्बुलेन्सको हकमा सम्बन्धित संस्थाको हातामा रहनेछ ।

२. एम्बुलेन्सको नियिमत मर्मत सम्भार गर्ने जिम्मेवारी चालकको हुनेछ र मर्मत गर्नुपर्ने भएमा इस्टिमेट अनुसारको मर्मत दफा ४ को उपदफा (१) वा (२) बमोजिमको समितिको निर्णयानुसार हुनेछ । सो भन्दा बढीको मर्मत भएमा उक्त समितिको सिफारिसमा दफा ३ को समितिले निर्णय गरे बमोजिम हुनेछ ।

३. एम्बुलेन्स चालु अवस्थामा राख्ने जिम्मेवारी चालकको हुनेछ ।

९. **विविधः**

१. एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधीको विवरण अनुसुची-३ बमोजिम हुनेछ ।

२. एम्बुलेन्समा सवार बिरामी, बिरामीको आफन्त तथा स्वास्थ्यकर्मीका बिमाका दायित्व सेवाग्राही स्वयंको हुनेछ ।

३. यस निर्देशिकामा आवश्यकता अनुसार संशोधन गाउँ कार्यपालिकाले गर्नेछ।

# अनुसुची-१
## (निर्देशिकाको दफा ५ सँग सम्बन्धित सेवा शुल्क सम्बन्धित दररेट)

एम्बुलेन्सको तोकिएको सेवा शुल्क र माग फारम भरी बिरामी लैजानु अगावै कार्यालयमा बुझाउनु पर्ने छ ।

१. गाउँपालिका सदरमुकामदेखि ३ कि.मि.भित्र न्यूनतम रु. १०००।-
२. कच्ची सडक ३ किलोमिटरभन्दा माथि थप प्रतिकिलोमिटर रु.२००।-
३. ग्राभेल सडक ३ किलोमिटरभन्दा माथि थप प्रतिकिलोमिटर रु. १७०।-
४. पक्की सडक ३ किलोमिटरभन्दा माथि थप प्रतिकिलोमिटर रु. ८०।-
५. अक्सिजन शुल्क सिलिण्डर खर्चको आधारमा हुनेछ ।

**पुनश्चः-** गाउँपालिका भित्रका नागरिकहरुको लागि उल्लिखित भाडादरमा १० प्रतिशत छुट हुनेछ ।

**नोटः-**

- गर्भवती महिलाको हकमा जिल्लाभित्र प्रसूती प्रयोजनमा एम्बुलेन्स सेवा निःशुल्क प्रदान गरिनेछ ।
- ८४ वर्षभन्दा माथिका ज्येष्ठ नागरिक, "क" वर्गको अपाङ्गता भएको व्यक्तिको लागि आर्थिक अवस्था अनुसार निःशुल्क वा छुटको व्यवस्था गरिनेछ।
- अति विपन्न वर्गको नागरिक र बेसहारा वर्गको लागि एम्बुलेन्स सेवा संरक्षक तथा अनुगमन समितिको निर्णय बमोजिम निःशुल्क वा छुटको व्यवस्था गरिनेछ ।

# अनुसुची-२

## (निर्देशिकाको दफा ७ को उपदफा (४) सँग सम्बन्धित)

**<u>एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता</u>**

१. एम्बुलेन्स सञ्चालन निर्देशिका,२०७८ लाई पूर्णतः पालना गर्नुपर्ने,

२. आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा इमान्दारिता र विश्वसनियता कायम गर्दै आफ्नो पेशाका मान मर्यालामा खलल पुग्ने कुनै काम गर्न नहुने,

३. मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन नहुने,

४. बिमारीको ओसारपसार तथा उपचार पर्ने क्रममा बिरामी तथा बिरामीका परिवारलाई सधै सम्मानपूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने,

५. आफैंले लिएका निर्णयहरुमा आफ्नै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने,

६. आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुको साथ आफैंमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने,

७. कुनै पनि बिरामीलाई ओसारपसार गर्नुअघि उसका बारेमा प्रयाप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने,

८. बिरामीलाई बिच बाटोमा अलपत्र हुने गरी छाड्न नहुने,

९. आफ्नो कामको शिलशिलामा पाएको कुनै सुचना गोप्य राख्नुपर्ने तथा बिरामीहरुबाट पाएको जानकारी तेश्रो पक्षलाई खोल्न नहुने तर कानुनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सुचना बारेमा जानकारी दिन सक्ने,

१०. अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मद्दत पुऱ्याउन पर्ने,

११. आफूले उचित देखेका बिरामीको गुणस्तरीय सेवामा प्रभाव पार्ने राम्रो पक्षहरुको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने,

१२. नेपाल सरकारले प्रतिबन्ध लगाएका वस्तुहरु ओसारपसार नगर्ने । प्रचलित कानुनको पालना गर्नुपर्ने र त्यस्तो गरेमा नेपाल सरकारको ऐन नियमानुसारको स्वयं सजायको भागेदारी हुनेछ ।

म..............................................ठेगाना...............................................ना.प्र.प.नं–...... ............जारी मिति..............................जिल्ला, ड्राइभिङ लाइसेन्स नं...................जारी मिति ............................ले माथिको उल्लेखित आचारसंहिता अध्ययन गरेको छु । भोजपुर जिल्ला अरुण गाँउपालिकाको एम्बुसलेन्स चलाउँदा मैले यो आचार संहिता पूर्ण रुपमा पालना गर्न सहमति जनाई सही छाप गरेको छु ।

**<u>चालकको:</u>**

**<u>रोहबरमा प्रमाणित गर्ने व्यक्तिको:</u>**

दस्तखत:

दस्तखत:

नाम:

नाम:

पद:

पद:

मिति:

**कार्यालयको छाप**

**अनुसुची-३**

**(निर्देशिकाको दफा ९ को उपदफा (१) सँग सम्बन्धित)**

“ख” वर्गको (Common Life Support) एम्बुलेन्समा हुनुपर्ने औषधि र उपकरणहरु राष्ट्रिय एम्बुलेन्स कार्यविधि, २०७८ बमोजिम हुनेछ ।

आज्ञाले
मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत